आज मिति २०८० साल कार्तिक १६ गते बिहिबारका दिन - मिथिला नगरपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा तपसिलका महानुभावहरूको उपस्थितीमा ढल्केबर चोक र आसपासका क्षेत्रहरूमा शान्ती सुव्यवस्था तथा व्यापार व्यवस्थापन सम्बन्धी छलफल भई देहायका निर्णय हरु पारित गर्‍यो ।

उपस्थिती :

१). श्री महेन्द्र महतो — नगर प्रमुख
२). श्री बसन्त न्यौपाने — प्रमुख प्रशासकीय अधिकृत
३). श्री राज किशोर साह — प्रहरी निरिक्षक (इ.प्र.का. ढल्के)
४). श्री नन्द किशोर यादव — वडा अध्यक्ष, वडा नं.-६,
५). श्री रामचन्द्र महतो कोइरी — " " " " ५
६). श्री राम बहादुर स्याङ्बन — " " " " ७
७). श्री राज कुमार महतो — समाजसेवी
८). श्री दिपक लामा — प्रतिनिधि, मिथिला उ.वा. संघ
९). श्री श्रीराम यादव — " होटल व्य. संघ
१०). श्री बुधेश्वर महतो — " कृषि उपज बजार व्यवस्थापन समिति
११). श्री सन्तोष महतो — " मिथिला व्याडमिन्टन संघ
१२) श्री विपुल कुमार महतो — " " " "
१३) श्री मनोज कुमार महतो — प्रतिनिधि, हरिपुर सामुदायिक नेपाल
१४) श्री आनन्द सिंह — होटल व्यवसायी
१५) श्री दिपेन्द्र कर्ण — प्र०नायब नि० ढल्केबर ट्राफिक का०

छलफलका विषयहरु :

१) ढल्केबर चोक र आसपासका शान्ती सुव्यवस्था तथा बजार व्यवस्थापन सम्बन्धमा ।

छलफलका निर्णयहरू :-

१). विषय नं. १) मा छलफल गर्दा ढल्केबर चोक र आसपासका क्षेत्रहरूमा अव्यवस्थित रूपमा रहेका व्यवसाय र सो बाट सिर्जित विभिन्न समस्याहरू समाधान गर्ने तथा शान्ती सुरक्षा कायम गर्ने सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय पारित गरियो।

क.) औषधी पसल ~~कस्म लाइन होस्टल~~ बाहेक अन्य व्यवसाय रातिको ११:०० बजे सम्म मात्र संचालन गर्न पाउने,

ख.) व्यवसाय दर्ता नगरी कुनै पनि व्यवसाय संचालन गर्न नहुने,

ग.) व्यवसाय दर्ता प्रमाण पत्रमा उल्लेखीत / ~~ब~~ इजाजत-प्राप्त क्षेत्र / विषय भन्दा बाहेक अन्य व्यवसाय / व्यापार गर्न नहुने,

घ). बजार अनुगमन समीती गठन गरि यथाशिघ्र बजार अनुगमन कार्य सुरू गर्ने,

ङ.) लागु औषध सेवन तथा लागु औषध व्यापार जन्य क्रियाकलापलाई निरुत्साहन गर्ने विशेष अभियान संचालन गर्ने,

च.) छठ पर्व पश्चात मुख्य राजमार्गको अधिकार क्षेत्र भित्र पर्ने ४२.५ फिट खाली गराउने कार्य सुरु गर्ने र दुर्गा मन्दिरको दाँया बाँयाको बाटो (पुरानो सडक खण्ड) खाली गराउने कार्य समेत सुरूवात गर्ने

छ). अश्लिल क्रियाकलाप गर्ने डान्स बारहरू बन्द गर्ने,

ज). उल्लेखित निर्णयहरू कार्यान्वयन गर्न सुरक्षा निकाय, उद्योग वाणिज्य संघ, होटल व्यवसायी संग आदी लगायत अन्य सरोकारवालाहरूलाई समेत परिपत्र गर्ने निर्णय गरियो

[signatures]